# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal


अत्यन्त जरुरी

च.नं. ५१/७९/८०

मिति :- २०७९/०२/३०

**श्रीमान् कार्यकारी प्रमुखज्यू,**
**श्री किरण कुमार श्रेष्ठ ज्यू,**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रिय कार्यालय, सिहंदरबार प्लाजा,**
**काठमाडौं, नेपाल ।**

***बोधार्थ:*** **श्री नेपाल राष्ट्र बैंक**
**बालुवाटार, काठमाडौं, नेपाल ।**

**विषय : निर्यातजन्य उद्योग 'महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज' को कारोबार पुन: सुचारु गर्ने सम्बन्धमा ।**

**श्रीमान् कार्यकारी प्रमुखज्यू,**

उपरोक्त सम्बन्धमा श्री नेपाल राष्ट्र बैंकको मिति २०७९/०२/२० को पत्र संख्या: बै.वि.नि.वि./जी.एच.सी./१९/०७८/७९ को पत्र प्राप्त भए अनुसार उद्योग 'महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज' लाई न्याय दिन र निर्यातजन्य उद्योगको कारोबार पुन: सुचारु गरिदिनुहुन सादर विनम्र अनुरोध गर्दछु ।

**श्रीमान् कार्यकारी प्रमुखज्यू,** मेरो उद्योग महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज राष्ट्रको तयारी पोशाक निकासी व्यापारमा सधैं अग्रणी स्थानमा रहँदै कारोबार गर्दै आएको तथा सबै गुण प्राप्त भएको आधारमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिजलाई आ. व. २०५६/५७ मा व्यापार/निर्यात बढाउनको लागि नेपाल राष्ट्रमा नै प्रथम पटक नेपाल राष्ट्र बैंकबाट **अमेरिकामा सम्पर्क कार्यालय ( Liasion office)** खोल्ने अनुमति प्रदान गरिएको तथा उद्योगको नयाँ खोलिएको **Liasion Office MGI.NYC.USA** मा US$ 50,000,000.00 (पचास मिलियन यु. एस्. डलर) को आ. व. २०५७/५८ को लागि एक्सपोर्ट आर्डर समेत बुक भई सकेको राष्ट्रिय वाणिज्य बैंकलाई जानकारी थियो ।

DD786386693NP
GPOKathmandu (44600)
Same Day Delivery (DD786386693NP)
From:m g i nepal
Kathmandu, nepal
To:kiran kumar shrestha
Kathmandu, k
Weight: 218.00 Grams Cash: Rs.420.00
Date:6/14/2022 Time: 11:34 AM
OP:sirjana.bhattarai

**श्रीमान् कार्यकारी प्रमुखज्यू,** रा. बा. बैंकले आ. व. २०५७/५८ को सुरुदेखि बिना कुनै कारण उद्योगको कारोबार बन्द गरिदिएपछि र १ वर्ष सम्म कारोबार सुचारु नगराएपछि बैंक समेतलाई प्रत्यक्ष नोक्सानी हुने अवस्था रहेको कारणले रा. बा. बैंक विशाल बजार काठमाडौं शाखा कार्यालयले मिति २०५८/०४/१७ मा बोर्ड बैठक नं. १४ मा निर्णय गरी मिति २०५८/०५/२९ मा पत्र सं. ३७/१५९ मार्फत रा. बा. बैंक केन्द्रिय कार्यालय सिहंदरबार प्लाजालाई **प्रतिष्ठित ग्राहक मेसर्स महालक्ष्मी गार्मेन्ट ईण्डष्ट्रिज कारोबार तुरुन्त खोल्नुपर्ने अत्यन्त आवश्यक र जरुरी भएको** भनी जानकारी गराएको थियो । सो पश्चात् पनि रा. बा. बैंकले उद्योगको कारोबार सुचारु गरेन ।

आ. व. २०५७/५८ मा बैंकमा आइरहेको करीब US$ 5,000,000.00 (पाँच मिलियन यु. एस्. डलर) को निर्यात एल. सी. हरु बैंकले स्वीकृत लिमिट भित्र चलिरहेको उद्योगको कारोबार अचानक रोक्का गर्दा क्यान्सिल भई निर्यात सामान निर्यात नगर्न सक्दा त्यस बेला उद्योगलाई रु. ३५ करोड भन्दा बढीको नोक्सान भएको रा. बा. बैंकलाई जानकारी छ । सोही निर्यात एल. सी.हरु अन्तर्गतको सामान निर्यात नहुदाँ उद्योगमाथि रहेको साँवा कर्जा लगभग रु. अठ्ठाईस करोड सिर्जित भएको थियो ।

**श्रीमान् कार्यकारी प्रमुखज्यू,** म, उद्योगी **बृज गोपाल इनानी, प्रोपाइटर महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज** स्वयम् **एशियन टेक्सटाइल एण्ड गार्मेन्ट काउन्सिल** "ATGC" ( ३३ वटा राष्ट्रहरु सदस्य भएको काउन्सिल ) को **अध्यक्ष** तथा **नेपाल तयारी पोशाक उद्योग सघं**को **अध्यक्ष** एवम् **उद्योग वाणिज्य मन्त्रालय अर्न्तगत निर्यात प्रवर्द्धन समिति**का पदेन सदस्य समेत हुदाँ राष्ट्रको तयारी पोशाक निकासी रु. २००० करोड (रु. दुई हजार करोड) बाट रु. ५००० करोड (रु. पाँच हजार करोड) र प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगार ३ लाख (तीन लाख) बाट लगभग १० लाख (दश लाख) को संख्यामा पुऱ्याउने उद्देश्यमा कार्यरत रहेको बेला रा. बा. बैंकले उद्योगको कारोबारलाई अचानक बन्द गरी उद्योगलाई मात्र नभइ राष्ट्रलाई समेत नोक्सान पुऱ्याएको जानकारी गराउन चाहन्छु ।
अहिले पनि म उपरोक्त योजना स्वरुप ५ वर्ष भित्र वार्षिक रु. १० (दश) खर्ब र पच्चीस लाख कामदारलाई काम दिने योजनालाई सफल पार्न सक्षम रहेको छु र जुन हाम्रो राष्ट्रलाई अत्यन्त जरुरी रहेको छ ।

अन्तराष्ट्रिय स्तरको निर्यात प्रकृयामा लगानी भएको तथा व्यवस्थित रुपमा स्वीकृत सिमा 'लिमिट' भित्र नाफामा चलिरहेको तथा व्यापार विस्तारमा लागेको निर्यातजन्य उद्योगको कारोबार बिना कुनै कारण अचानक बन्द गर्ने देखि लगत्तै राष्ट्रिय वाणिज्य बैंकबाट शृङखलाबद्ध रुपमा यस उद्योगमाथि अन्याय गरिदैं आएको छ ।

म, बृज गोपाल इनानी, प्रोपाइटर, यस उद्योगले विगत एक दशक भन्दा बढी समयदेखि भोग्दै आएका समस्याहरुको सबै निकायहरुमा जानकारी गराउँदै, उद्योग पुनः साविक बमोजिम सञ्चालनको लागि रा. बा. बैंक समेतलाई पटक–पटक अनुरोध गर्दै आएको छु । उद्योगीको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि उद्योगको व्यापार सुचारु नगरी उल्टै रा. बा. बैंकले उद्योगको सम्पत्तिहरुलाई कौडीको मूल्यमा लिलामी गर्ने जस्ता क्रियाकलापहरु गर्दै उद्योगीलाई पीडा दिने र उद्योगलाई समाप्त पार्न तिर लागेको छ ।

**श्रीमान् कार्यकारी प्रमुखज्यू,** आम नागरिकले एवम् व्यवसायीहरुले कारोबारका लागि बैंकमा सम्पत्तिहरु दृष्टिबन्धक गरी राखेपछि सो सम्पत्तिहरुको सुरक्षा गर्नु बैंकको दायित्व हो । रा. बा. बैंकले आफ्नो लगानी भएको ऋण समेतको परवाह नगर्दा उद्योग र उद्योगीको प्रतिष्ठा र धन सम्पत्तिको नोक्सान हुनुका साथै स्वयं बैंकलाई तथा राष्ट्र समेतलाई हित नहुने कुरा स्पष्ट छ ।

श्री नेपाल राष्ट्र बैंकमा मिति २०७९/०१/०७ मा उद्योगले सबै तथ्य प्रमाण सहितको विवरण साथ पेश गरेको निवेदन यस निवेदन साथ संलग्न गर्दछु ।

**श्रीमान् कार्यकारी प्रमुखज्यू,** उपरोक्त विषयमा छलफल गरी समस्या समाधान गरिदिनुहुन सादर विनम्र अनुरोध गर्दछु ।

संलग्न: १) श्री नेपाल राष्ट्र बैंकको मिति २०७९/०२/२० को पत्र संख्या: बै.वि.नि.वि./जी.एच.सी./१९/०७८/७९ को पत्र
२) श्री नेपाल राष्ट्र बैंकमा मिति २०७९/०१/०७ मा उद्योगले पेश गरेको निवेदन ।

**श्रीमान् कार्यकारी प्रमुखज्यूबाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**

For Mahalaxmi Garments Ltd.

**बृज गोपाल इनानी**
**प्रोपाइटर**
**महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज**
**पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।**
**फोन नं.:– ९७७–९८४९६५०५१४**
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com


राष्ट्रिय वाणिज्य बैंक लि.